22100208

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A1 – STANDARD LEVEL – PAPER 2**
**NÉPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 2**
**NEPALÉS A1 – NIVEL MEDIO – PRUEBA 2**

Friday 14 May 2010 (morning)
Vendredi 14 mai 2010 (matin)
Viernes 14 de mayo de 2010 (mañana)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Answer one essay question only. You must base your answer on at least two of the Part 3 works you have studied. You may include in your answer a discussion of a Part 2 work of the same genre if relevant. Answers which are not based on a discussion of at least two Part 3 works will not score high marks.
- You are not permitted to bring copies of the works you have studied into the examination room.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Traitez un seul sujet de composition. Vous devez baser votre réponse sur au moins deux des œuvres de la 3e partie que vous avez étudiées. Le cas échéant, vous pouvez inclure dans votre réponse une discussion sur une œuvre du même genre littéraire étudiée dans la 2e partie du programme. Les réponses qui ne sont pas basées sur au moins deux des œuvres de la 3e partie n'obtiendront pas une note élevée.
- Vous n'êtes pas autorisé(e) à amener des exemplaires des œuvres que vous avez étudiées dans la salle d'examen.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Elija un tema de redacción. Su respuesta deberá basarse en al menos dos de las obras estudiadas en la Parte 3. Se podrán hacer comentarios sobre una obra de la Parte 2 del mismo género, si fuera necesario. Las respuestas que no incluyan una discusión sobre al menos dos obras de la Parte 3 no recibirán notas altas.
- No se permite traer a la sala de examen copias de las obras estudiadas.


© International Baccalaureate Organization 2010

*तलका कुनै एक प्रश्नको निबन्धात्मक उत्तर लेख्नुहोस् । त्यस्तो निबन्धात्मक उत्तर तपाईंले अध्ययन गरेका भाग ३ का कुनै दुईवटा कृतिहरूमा आधारित हुनुपर्दछ । तपाईंले आवश्यक ठानेमा भाग २ का समान विधाका कृतिलाई पनि निबन्धात्मक उत्तरमा समावेश गर्न सक्नुहुन्छ तर भाग ३ का कम्तीमा २ वटा कृतिहरूमा उत्तर आधारित छैन भने त्यस्तो उत्तरले उच्च अङ्क प्राप्त गर्ने छैन ।*

## कथा

१. "मान्छेले काम र मामका लागि सङ्घर्ष गरिरहन्छ ।" यस विचारसित तपाईं सहमत हुनुहुन्छ वा हुनुहुन्न ? आफूले पढेका कथाका आधारमा वर्णन गर्नुहोस् ।

२. सङ्कीर्ण सामाजिक मान्यताको प्रभावका कारण धेरै नेपालीले दु:ख पाएका छन् अथवा सुख पाएका छन् ? आफूले पढेका कथाका आधारमा आफ्ना धारणाहरू व्यक्त गर्नुहोस् ।

## उपन्यास

३. आफ्नो अस्तित्व रक्षाका निम्ति विद्रोह गर्नुपर्छ अथवा अन्य उपाय अपनाउन सकिन्छ ? आफूले पढेका उपन्यासका आधारमा आफ्ना धारणाहरू व्यक्त गर्नुहोस् ।

४. कुनै उपन्यासको कथावस्तु श्रृङ्खलित जस्तो अनुभव हुन्छ भने कुनैको विश्रृङ्खलित जस्तो लाग्छ । यस्तामध्ये कस्ता खालका उपन्यासले तपाईंलाई किन बढी प्रभाव पारेका छन् ?

## नाटक

५. "जीवनमा भौतिक सुखभन्दा आत्मिक सुख प्रभावकारी हुन्छ" भन्ने विचार प्रति तपाईंका के-कस्ता धारणाहरू छन् ? आफूले पढेका नाटकका आधारमा स्पष्ट पार्नुहोस् ।

६. तपाईंले पढेका कतिपय नाटकमा सहनशील र विद्रोही गरी दुबै खालका पात्र छन् । तीमध्ये तपाईंले कस्ता खालका पात्रलाई किन बढी मन पराउनुहुन्छ ?

## कविता

७. तपाईंले पढेका कतिपय कविताकाव्यकृतिले “यथार्थलाई छाडी कृत्रिम जीवन भोगेकाले हामी दुःखी छौं” भन्ने विचार प्रस्तुत गरेका छन्। यसप्रति तपाईंका केकस्ता प्रतिकयाहरू छन् ?

८. तपाईंले पढेका कविताकाव्यले “शोषण र वर्गविभेदका कारण मानिसले दुःख पाएका छन्” भन्ने विचार प्रस्तुत गरेका छन्। यस विचारसित तपाईं सहमत हुनुहुन्छ वा हुनुहुन्न ?

## सामान्य प्रश्नहरू

९. व्यक्तिगत अहंले मान्छेको जीवन उठ्छ अथवा बर्बाद हुन्छ ? आफूले पढेका साहित्यिक कृतिका आधारमा स्पष्ट पार्नुहोस्।

१०. “सुख र दुःखको मिश्रित रूप नै जीवन हो” भन्ने विचारसित तपाईं सहमत हुनुहुन्छ वा हुनुहुन्न ? आफूले पढेका साहित्यिक कृतिका आधारमा स्पष्ट पार्नुहोस्।

११. तपाईंले पढेका कतिपय साहित्यिक कृतिले “उत्साहले जीवन उठ्छ अनि निराशाले बर्बाद हुन्छ” भन्ने विचार व्यक्त गरेका छन्। त्यस विचारसित तपाईं सहमत हुनुहुन्छ वा हुनुहुन्न ?

१२. कतिपय साहित्यिक कृतिले “स्वार्थी मान्छेहरूको बिगबिगी बढेकाले समाज अस्वस्थ्य बनेको छ” भन्ने विचार व्यक्त गरेका छन्। त्यस विचारसित तपाईं सहमत हुनुहुन्छ कि हुनुहुन्न ?